स्थानीय सरकार
अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला,
सुदूरपश्चिम प्रदेश, नेपाल

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या २०८३-०८४

(न्यायिक समितिको सचिवालय)

## मेलमिलापकर्ताको रुपमा सूचीकृत हुने तथा सूची अद्यावधिक गर्ने सम्बन्धी सूचना

सूचना नं १४ प्रकाशित मिति २०८३।०६।०७

मेलमिलाप समबन्धी नियमावली, २०७० को नियम ९ अपिहिमाल गाउँपालिकाको न्यायिक समितिले उजुरी कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि समबन्धमा व्यवस्था गर्न बनेको (कार्यविधि सम्बन्धी) ऐन, २०७४ को दफा ५९ र ६० बमोजिम प्रत्येक वर्ष मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन निवेदन माग गर्नु पर्ने, सूचीकृत रहेका मेलमिलापकर्ताहरुको सूची अद्यावधिक गर्न र मेलमिलापकर्ताको रुपमा नयाँ सूचीकृत हुन चाहने व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र मेलमिलापकर्ताको रुपमासूचीकृत हुन तपसिल बमोजिमका कागजातहरु सहित यस गाउँपालिकाको कार्यालयको न्यायिक समितिको सचिवालयमा निवेदन दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

१ मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि,
२ नेपालि नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
४ निवेदकको पासपोर्ट साईजको फोटो २ प्रति,
५ मेलमिलाप परिषदबाट जारी भएको मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपि,
६ संस्थाको हकमा संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि।

नोटः- मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन दिइने निवेदन www.apihimalmun.gov.np बाट डाउनलोड गर्न सकिने तथा न्यायिक समितिको सचिवालयबाट प्राप्त गर्न सकिनेछ ।

बोधार्थः
श्री सूचना प्रविधि शाखा, सूचना वेबसाईट, फेसबुक पेजमा अपलोड गर्न हुन ।